# २ नं वडा (साबिक सोमादी गा.वि.स.)

रैनादेवी छहरा गाउँपालिकाको उत्तर पूर्वमा अवस्थित यस वडाको क्षेत्रफल १७.५३ वर्ग किलोमिटर रहेको छ । जनगणना २०७९ अनुसार यस वडाको जनसङ्ख्या ९६९ जना पुरुष र ११२३ जना महिला गरी जम्मा २०९२ जना रहेको छ ।

वडा कार्यालय रहेको स्थानः सोमादी, गाउँपालिकाको केन्द्र छहरा बजारबाट ६ कि.मि.को दुरीमा यस वडाको वडा कार्यालय रहेको छ र अन्दाजी कम्तीमा २० मिनेटमा छहराबाट २ नं वडा कार्यालयमा पुग्न सकिन्छ ।

स्वास्थ्य संस्थाहरू : सोमादी स्वास्थ्य चौकी, सर्देवा सामुदायिक स्वास्थ्य इकाई ।

पर्यटकीय तथा धार्मिक स्थलः मच्छेन्द्रादेवी मन्दिर, सिजि सिमेन्ट उद्योग, नाग्दी वनमा रहेका गुफाहरू, माइका थान मन्दिर ।







